गाउँपालिका तथा नगरपालिकाको
राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी

# दिग्दर्शन

नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

२०७६

## १. पृष्ठभूमी

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तीका लागि संघ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरेकोछ। संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएकोछ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र संघीय कानून बमोजिम राजस्व बाँडफाँड बापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानूनी व्यबस्था समेत गरिएको छ ।

स्थानीय सरकारको वढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि पनि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका संभावनाहरुको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयाशका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

यसै सन्दर्भमा गाँउपालिका तथा नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजश्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजश्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन तयार गरिएको छ । यो दिग्दर्शनको उपयोगबाट स्थानीय तहलाई आ-आफ्नो राजश्व सुधार कार्ययोजना तर्जुमा गरी आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यबस्थित गर्न मद्यत मिल्ने विश्वास लिईएको छ ।

## २. विगतका प्रयासहरुको सिंहावलोकन

विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासन पद्धतिलाई स्थानीय तहका निर्वाचित निकायलाई अधिकार सम्पन्न तुल्याउने माध्यमको रुपमा पनि लिने गरिन्छ। नेपालमा यस्तो पद्धतिको लामो अभ्यास रही आएकोछ। बि.सं १९७६ मा नगरपालिका र १९८३ मा मान्यजन कचहरीको गठनसँगै नेपालमा कानूनी रुपले विकेन्द्रीकरणको सुरुआत भएको मान्न सकिन्छ । २००४ सालमा जारी भएको सनदले ग्राम पंचायत, जिल्ला पंचायतलाई कर असुलीको अधिकार दिएको थियो । २००७ सालमा जारी भएको अन्तरिम शासन विधान अनुरुप ग्राम

पञ्चायत खडा गरिएको र २००९ सालमा त्रिभुवन ग्राम विकासका नामले विकास आयोजनाहरू संचालन गर्न प्रारम्भ भएकोले पनि नेपालमा विकेन्द्रीकरणको अवधारणा कुनै न कुनै रुपमा त्यतिबेला देखिनै विकास भएको मान्न सकिन्छ ।

नेपालको संविधान २०१९ मा विकेन्द्रीकरण सम्बन्धी कतिपय कुराहरू समावेश गरिएका थिए भने त्यसपछि पनि समय समयमा विकेन्द्रीकरण सम्बन्धी विभिन्न उच्चस्तरीय आयोगहरु गठन भै प्रतिवेदनहरु पेश गरेको र सुझाव कार्यान्वयका लागि विभिन्न प्रयाशहरु समेत हुँदै आएको पाइन्छ । यसै सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐन २०५५ लाई नेपालमा विकेन्द्रीकरण र स्वायत्त शासन पद्धतिको संस्थागत विकासमा सबैभन्दा महत्वपूर्ण कोषेढुङ्गाको रुपमा लिने गरिएको छ । यसै कानूनी व्यबस्था अनुरुप विगतमा गाउँ विकास समिति तथा नगरपालिकाहरुले कानूनद्वारा तोकिएका जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनका लागि नेपाल सरकारबाट प्राप्त गर्ने अनुदानसँगै विभिन्न कर तथा सेवाशुल्क र दस्तुरहरु उठाउने अधिकारको उपयोग समेत गरिआएका हुन् ।

नेपालका स्थानीय निकायहरुले राजस्व अधिकारको उपयोग विगत लामो समयदेखि गर्दै आएको भए पनि केही पुराना नगरपालिकाहरु बाहेक अधिकांशको आन्तरिक स्रोत परिचालन अवस्था कमजोर देखिन्छ । आ.ब. २०७१/७२ मा गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरुले राजस्व बाँडफाँड समेत गरी जम्मा रु ११ अर्व १५ करोड ३५ लाख ५२ हजार आन्तरिक आय प्राप्त गरेकोमा आ.ब. २०७२/७३ मा (गाविस बाहेक) रु. ११ अर्ब ६ करोड ७३ लाख ९६ हजार मात्र आन्तरिक स्रोत (राजस्व वाँडफाँट सहित) परिचालन गरेको देखिन्छ । त्यसबखत कायम रहेका २१७ नगरपालिकाहरुको मात्र तथ्यांक विश्लेषण गर्दा नगरपालिकाहरुको कूल बार्षिक आयमा आन्तरिक आयको योगदान ३३.४२% रहेको छ । नगरपालिकाको तुलनामा गाउँ विकास समितिहरुमा राजस्व अधिकार समेत केही सिमित रहेको र जनशक्ति तथा अन्य संस्थागत व्यबस्था समेत कमजोर रहेको कारण गाउँ विकास समितिहरुको आन्तरिक आय परिचालनको अवस्था निकै कमजोर रहेको पाइन्छ ।

## ३. स्थानीय तहमा राजस्व परिचालनको विद्यमान अवस्था

नेपालको संविधानले गाउँपालिका तथा नगरपालिकालाई एउटै किसिमका राजस्व अधिकार प्रदान गरेको छ । यद्यपी संस्थागत संरचना, जनशक्ति, व्यबस्थापकीय पक्षहरुलाई विश्लेषण गर्दा वर्तमान अवस्थामा पनि आन्तरिक स्रोत परिचालनमा नगरपालिका भन्दा गाउँपालिकाको अवस्था कमजोर नै देखिन्छ । आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिका र नगरपालिकाले कर तथा गैरकर बापत (राजस्व बाँडफाँड बाहेक) १४ अर्ब २४ करोड १ लाख ४० हजार प्राप्त गरेका छन् । उक्त रकममध्ये गाउँपालिकाहरुको हिस्सा करिब १२ प्रतिशत मात्र रहेकोछ भने गाउँपालिकाहरुमा करको तुलनामा गैरकरको हिस्सा बढी छ । स्थानीय तहको राजस्व परिचालन क्षमतामा विगतको तुलनामा सुधार हुदै गएको भएता पनि संघीयताको कार्यान्वयन पछि

संघ र प्रदेश सरकारबाट प्राप्तहुने अनुदानमा ठूलो बृद्धि भएको कारण हाल स्थानीय तहको कूल आयमा कर तथा गैर करको हिस्सा ५.६६ प्रतिशत मात्र रहेको देखिएको छ ।

## ४. विद्यमान कानूनी व्यवस्था

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्डजरिवाना, मनोरञ्जन करलाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ । साथै संविधानको अनुसूची ९ मा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क लगाउने अधिकार तीनै तहको साझा अधिकारको रुपमा राखिएको छ । त्यसैगरी अनुसूची ६ मा घरजग्गा रजिष्टेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना प्रदेश सरकारको अधिकारक्षेत्रको रुपमा राखेको छ । साथै अनुसूची ५ ले संघीय सरकारलाई भन्सार, अन्तशुल्क, मूल्य अभिबृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरु लगाउने अधिकार दिइएकोछ । कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत संविधानमा गरिएकोछ ।

अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरुप अनुसूची ६ र ८ मा दोहोरा पर्न गएका घरजग्गा रजिष्टेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई एउटा तहको सरकारले उठाई आपसमा बाँडफाँट गर्ने व्यबस्था मिलाएको छ । यस व्यबस्था अनुसार घरजग्गा रजिष्टेशन शुल्क प्रदेश कानून बमोजिम हाललाई नेपाल सरकारले तोकेको निकाय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत रकम प्रदेश सरकारले र ४० प्रतिशत स्थानीय तहले पाउने गरी बाँडफाँट गर्ने, मनोरञ्जन कर प्रदेश कानून बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत प्रदेश सरकारले पाउने गरी बाँडफाँट गर्ने र विज्ञापन कर स्थानीय कानून बमोजिम स्थानीय तहले उठाई ६० प्रतिशत रकम आफुले राखी ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनु पर्ने हुन्छ ।

साथै सोही ऐनले मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्क वापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यबस्था गरेको छ भने पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टीको ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई वाँडफाँड गर्नुपर्ने व्यवस्था गरेको छ ।

## ५. दिग्दर्शनको उद्देश्य

यस दिग्दर्शनको मूल उद्देश्य स्थानीय तहको आन्तरिक आय परिचालन क्षमता सुधारको लागि राजश्व सम्भाव्यता अध्ययन गर्न, सम्भाब्यताको अधिकतम उपयोगको लागि गर्नुपर्ने कृयाकलापहरुको पहिचान गरी कार्ययोजना तयार गर्न तथा सोको आधारमा भविष्यको आय प्रक्षेपण गर्ने कार्यमा उनीहरुलाई सक्षम बनाउनु रहेको छ । यस  दिग्दर्शनका उद्देश्यहरु देहायअनुसार रहेका छन् :

- राजश्व परिचालनका सन्दर्भमा विद्यमान नीति तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्न मार्गदर्शन गर्ने ।
- स्थानीय तहको आन्तरिक आयका आधार तथा दरको सम्भाब्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्न मार्गदर्शन गर्ने ।
- सहभागितामूलक विधि अवलम्बन गरी राजश्व सुधार कार्ययोजना तर्जुमा गर्न मार्गदर्शन गर्ने ।
- राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी स्पष्ट खाका उपलब्ध गराई ढाँचामा एकरुपता र विषयबस्तुमा  गुणस्तरियता कायम गर्ने ।
- स्थानीय तहको राजश्व अधिकारका सम्वन्धमा जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकास गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहयोग पुर्‍याउने ।

## ६. दिग्दर्शनका प्रयोगकर्ताहरु

स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यमा संलग्न सरोकारवालाहरु यस दिग्दर्शनको मुख्य प्रयोगकर्ता हुन् । यस कार्यमा संलग्न हुने स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु तथा कर्मचारीहरुले यस दिग्दर्शनको प्रयोगबाट राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नुपर्ने आवश्यकता, यसको महत्व र कार्ययोजना तर्जुमाको क्रममा गरिनु पर्ने कृयाकलापहरुको बारेमा जानकारी प्राप्त गर्न सक्नेछन् ।

यस दिग्दर्शनलाई राजश्व सुधार कार्ययोजना तर्जुमाको लागि स्थानीय तहमा गठन गरिने कार्यदलले स्थानीय तहका जनप्रतिनिधी तथा कर्मचारीहरुलाई स्थानीय तहको राजस्व अधिकारबारे अभिमुखीकरण गर्न र कार्ययोजनाको ढाँचा, प्रकृया र विषयवस्तु निर्धारण गर्न उपयोग गर्न सक्नेछन् ।  साथै राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने सन्दर्भमा अवलम्बन गरिएका प्रकृया तथा प्रतिबेदनको विषयवस्तु तथा गुणस्तर एकीन गरी सुझाव प्रदान गर्न समेत यस दिग्दर्शनले सहयोग गर्नेछ ।

## ७. राजश्व सुधार कार्ययोजना तर्जुमाको पूर्वतयारी

राजश्व सुधार कार्ययोजनाको मुख्य उद्देश्य स्थानीय तहको राजश्व परिचालनमा सुधार ल्याउनको लागि योजनाबद्ध रुपमा कार्य संचालन गर्नु हो । स्थानीय तहको राजश्व प्रक्षेपण गरी सोको आधारमा वजेट तयार गर्ने तथा राजश्व परामर्श समितिको सिफारिशमा राजश्वका दररेट निर्धारण गर्ने कार्यमा राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ ।

स्थानीय तहले प्रत्येक वर्षको पौष मसान्तभित्र आगामी आर्थिक बर्षको लागि आफ्नो स्रोतबाट संकलन हुनसक्ने अनुमानित राजस्व सहित आय व्यय प्रक्षेपण गरिएको तथ्यांक सहितको विबरण अर्थ मन्त्रालयमा पठाउनु पर्ने व्यबस्था अन्तर सरकारी वित्त व्यबस्थापन ऐनले गरेको छ । साथै यस ऐनले प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विबरण तयार गर्नुपर्ने र आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यबस्था गरेको छ । यसरी खर्चको प्रक्षेपण गर्दा आन्तरिक आयको समेत प्रक्षेपण गर्नुपर्ने र यस्तो आय प्रक्षेपण गर्दा तीन वर्षको लागि गर्नुपर्ने हुन्छ । यस कानूनी र व्यबहारिक पक्षलाई विचार गर्दा स्थानीय तहले राजश्व परिचालनका सबै पक्षहरुमा अध्ययन गरी राजश्व सुधार कार्ययोजनालाई समेत वार्षिक रुपमा परिमार्जन गर्दै लैजानु उपयुक्त हुने देखिन्छ ।

राजश्व सुधार कार्ययोजना तर्जुमा कार्य प्रारम्भ गर्नुअघि स्थानीय तहले केही पूर्वतयारी कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । यस्तो पूर्व तयारी कार्यको शुरुआत राजस्व परामर्श समितिबाट यस कार्यको लागि गरिने नीतिगत निर्णयबाट हुन सक्दछ । बजेटको व्यबस्था र नीतिगत निर्णयसँगै राजश्व सुधार योजना कसरी तयार गरिन्छ भन्ने यसका प्रकृयागत पक्षहरु बारे स्पष्ट हुन जरुरी हुन्छ । यस कार्यका लागि राजस्व परामर्श समितिको मातहतमा पदाधिकारी तथा कर्मचारीहरु समेत गरी ५ देखि ७ जनासम्म सदस्य रहेको कार्यदल गठन गर्न सकिन्छ ।

प्रत्येक वर्षको पौष मसान्तभित्र आय व्यय प्रक्षेपण गरिएको तथ्यांक सहितको विबरण अर्थ मन्त्रालयमा पठाउनु पर्ने कानूनी व्यबस्था रहेको र राजस्व परामर्श समितिको सिफारिशका आधारमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आन्तरिक स्रोतको अनुमान गर्नु पर्ने भएको हुँदा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्य गर्दा पौष मसान्तभित्रै सम्पन्न गर्न उपयुक्त हुन्छ ।

## ८. राजश्व सुधार कार्ययोजना तर्जुमाका चरणहरु

स्थानीय तहको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यको सन्दर्भमा सम्पादन गरिने कृयाकलापहरुलाई सामान्यतया निम्नलिखित चार चरणमा वर्गिकरण गर्न सकिन्छ :

१. पहिलो चरण: सन्दर्भ सामग्रीको अध्ययन
२. दोस्रो चरण: अभिमुखिकरण तथा राजश्व सुधार योजना तर्जुमा कार्यशाला
३. तेस्रो चरण: तथ्यांक तथा सूचना संकलन र विश्लेषण
४. चौथो चरण: राजश्व सुधार कार्ययोजना तयारी तथा राजश्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी माथि उल्लिखित चरणहरुमा सम्पादन गरिने कृयाकलापहरुको विषयमा सविस्तार तल वर्णन गरिएको छ ।

## ८.१ सन्दर्भ सामग्रीको अध्ययन

यो राजस्व सुधार कार्ययोजना तर्जुमाको सबैभन्दा पहिलो चरण हो । यस चरणमा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यसँग सम्बन्धित सन्दर्भ सामग्रीको अध्ययन गरिन्छ । यस्तो अध्ययनबाट आफुले गर्न आँटेको कामको रुपरेखा निर्धारण गर्न मद्यत मिल्छ । यस चरणमा कार्ययोजना तर्जुमाका लागि स्थानीय तहबाट गठन गरिएको कार्यदलले स्थानीय तहको राजश्व परिचालन सम्वन्धी संबैधानिक तथा कानूनी व्यवस्था, यससँग सम्बन्धित विभिन्न अध्ययन प्रतिवेदनहरु, स्थानीय तहका वार्षिक वजेट तथा कार्यक्रमहरु एबम् प्रकाशनहरु अध्ययन गर्न उपयुक्त हुन्छ ।

सन्दर्भ सामग्रीको अध्ययनका आधारमा निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरुको निमित्ति आयोजना गरिने अभिमुखिकरण कार्यक्रमको लागि सामग्रीहरुको तयार गर्नु पर्दछ। साथै सूचना संकलनको लागि फारामहरुको विकास गर्ने कार्य पनि सन्दर्भ सामग्री अध्ययन सँगसँगै सम्पन्न गर्नु उपयुक्त हुन्छ। राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सन्दर्भमा अध्ययन गर्न उपयुक्त देखिएका केही मूख्य सन्दर्भ सामग्रीहरुको सूची तल उल्लेख गरिएको छ ।

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| नेपालको संविधान | - राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९ : धारा २२८ देखी २३० सम्म)<br>- स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म)<br>- संघ, प्रदेश तथा स्थानीय सरकारको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) |
| स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | - गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेदः ३)<br>- गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र (परिच्छेदः ९)<br>- गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेदः १०) |
| अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | - राजस्वको अधिकार (परिच्छेदः २)<br>- राजस्वको बाँडफाँड (परिच्छेदः ३)<br>- अनुदानको व्यवस्था (परिच्छेदः ४)<br>- वैदेशिक सहायता तथा ऋण (परिच्छेदः ५)<br>- आय व्ययको प्रक्षेपण गर्ने (दफा १८)<br>- राजस्व प्रस्ताव तयार गर्ने (दफा १९)<br>- वित्तिय अनुशासन (परिच्छेदः ८)<br>- नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लगाउन सक्ने कर (अनुसूची १,२ र ३) |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र |
|---|---|
| | - प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड (अनुसूची ४) |
| राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ | - प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) |
| केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन | - स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरु |
| नेपाल सरकारको वार्षिक वजेट वक्तब्य र आर्थिक ऐनहरु | - स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधित प्रावधानहरु |
| प्रदेश सरकारको वार्षिक वजेट वक्तब्य र प्रदेश आर्थिक ऐनहरु | - स्थानीय तह र प्रदेश सरकारबीच साझा अधिकार सूचीका विषयमा प्रदेश कानूनले गरेका व्यवस्थाहरु |
| एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ | - स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एकरुपताका लागि |
| स्थानीय तहको वस्तुगत विवरण ( प्रोफाईल) | - स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरुको आधार (Base) बारेको सूचना र तथ्यांक |
| स्थानीय तहका विभिन्न आर्थिक वर्षहरुको योजना, बजेट तथा कार्यक्रमहरु | - स्थानीय राजस्व र आयको प्रबृत्ति विश्लेषण |
| संघ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरु | - स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कानूनी र नीतिगत व्यवस्था |
| अन्य स्थानीय तहले विगतमा तर्जुमा गरेका कार्ययोजनाहरु | - सन्दर्भ सामग्रीको  रुपमा |
| अन्य दस्तावेजहरु .............. | - सन्दर्भ सामग्रीको रुपमा |

### ८.२ अभिमुखिकरण तथा कार्यशालाको आयोजना

सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा स्थानीय तहमा संचालन गरिने अभिमुखिकरण तथा कार्यशालामा प्रस्तुत गर्ने विषयबस्तुको चयन, प्रस्तुति सामग्रीको तयारी र कार्यक्रमको मिति, समय र स्थान एबम् कार्यक्रम तालिका निर्धारण गर्नु पर्दछ । सहभागिहरुलाई कार्यक्रम तालिका सहित सहभागिताको सूचना उपयुक्त माध्यमबाट समय मै पठाउने व्यबस्था मिलाउनु पर्दछ ।

अभिमुखिकरण कार्यक्रमको प्रभावकारिताका लागि उक्त कार्यक्रमको निमित्त उपयुक्त बाह्य स्रोत व्यक्तिको उपयोग गर्न सकिन्छ । यसरी बाह्य सेवा नलिई आन्तरिक जनशक्तिबाटै अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्ने अवस्थामा विषयबस्तुको प्रस्तुति र तयारीमा सो सम्बन्धी विषयमा विज्ञता र दक्षता भएको कर्मचारी छनौट गरी पर्याप्त तयारी गर्न ध्यान दिनु पर्दछ । यस्तो अभिमुखिकरण कार्यक्रम आन्तरिक जनशक्तिबाट समपन्न गराउनुभन्दा बाह्य स्रोत व्यक्तिको उपयोग गर्नु बढी प्रभावकारी हुने देखिएकोले सकेसम्म अभिमुखिकरणका लागि बाह्य स्रोत व्यक्तिको उपयोग गर्न नै उपयुक्त हुन्छ ।

अभिमुखिकरण कार्यक्रममा प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु, राजश्व परामर्श समितिका पदाधिकारीहरु, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति र वजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरु, शाखा प्रमुखहरु, राजश्व संकलनमा सम्लग्न कर्मचारीहरु, राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यदलका सदस्यहरु तथा करदाता प्रतिनिधिहरु समेतलाई आवश्यकता अनुसार सम्लग्न गराउन सकिन्छ ।

अभिमुखीकरण कार्यक्रमको अवधि करीब तीन देखि साढे तीन घण्टाको हुनसक्छ र सामान्यतया दुईवटा प्रस्तुतिहरु गरी छलफल गर्नु अपयुक्त हुन्छ । अभिमुखिकरण कार्यक्रमको पहिलो प्रस्तुतिमा कर, शुल्क र दस्तुर सम्बन्धी अवधारणा बारे सहभागिहरुलाई स्पष्ट पार्नु पर्दछ । त्यसपछि दोस्रो प्रस्तुतिमा स्थानीय तहको राजस्व अधिकार तथा राजश्व प्रशासनसँग सम्बन्धित विषयमा सहभागिहरुलाई जानकारी दिनु उपयुक्त हुन्छ । यसबाट सहभागिहरुमा राजश्व अधिकार सम्बन्धी सैद्धान्तिक तथा कानूनी विषयको बुझाईमा एकरुपता ल्याउन सहयोग पुग्दछ । यसपछि राजश्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक सूचना र तथ्यांक तथा त्यसको उपलब्धताका लागि गर्नुपर्ने कृयाकलापहरु बारे संक्षिप्त जानकारी दिनु पर्नेछ ।

राजस्व सुधार योजना तर्जुमा कार्यशालाबाट स्थानीय तहले उपयोग गर्न नसकीरहेका तर उच्च संभावना विद्यमान रहेका क्षेत्रहरुको पहिचान गर्ने, विद्यमान स्रोतको अधिकतम उपयोग गर्न देखापरेका समस्याहरुको पहिचान गर्ने, पहिचान गरिएका समस्याको समाधानका लागि आगामी दिनमा कार्यान्वयन गरिनु पर्ने सुधारका कृयाकलापहरु छनौट गर्ने र छनौट गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्नसक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यमा सहयोग गर्दछ ।

कार्यशालामा सहभागिहरुलाई निम्न चारवटा समूह विभाजन गरी समूह अभ्यास गराउँदा उपयुक्त हुन्छ ।

समूह १ : राजस्वका शिर्षकगत दर, दायरा तथा प्रक्षेपण

समूह २ : कर राजस्व सुधार योजना

समूह ३ : गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)

समुह ४ : राजस्व प्रशासन (आयको लगत अभिलेख तथा संकलन, संगठन र समन्वय)

समुह विभाजन गर्दा निम्न पक्षमा विचार पुऱ्याउनु पर्दछ :

- *प्रत्येक समुहमा १ जना समुह नेता तथा १ जना समुह कार्य प्रस्तुतकर्ता चयन गर्ने ।*
- *समुह नेता चयन गर्दा सकेसम्म समुह कार्यका लागि प्रदान गरिएको शिर्षकमा जानकार तथा त्यसै शिर्षकमा काम गर्ने जिम्मवेवार रहको व्यक्ति छनौट गर्ने । जस्तै पहिलो समुहका लागि राजश्व परामर्श समितिको संयोजक उपयुक्त हुने देखिन्छ भने चौथो समुहका लागि प्रमुख प्रशासकिय अधिकृत उपयुक्त हुने देखिन्छ ।*

- *अन्य सहभागी चयन गर्दा समेत उनीहरुको हालको कार्य जिम्मेवारी र अनुभवलाई आधार मान्ने ।*

उल्लेखित समुहले समुहगत रुपमा राजस्व सुधारको मस्यौदा कार्ययोजना तयार गरि प्रस्तुती गर्ने र अन्य समुहबाट आएका सुझावहरु समेटी परिमार्जन गर्न उपयुक्त हुन्छ ।

कार्ययोजना तयार गर्दा राजस्वका नीतिगत, कानूनी, संरचना र व्यबस्थापन आदि सबै क्षेत्रमा विद्यमान समस्याको समाधान गरी राजस्व परिचालनमा सुधार ल्याउन कार्यान्वयन गरिनु पर्ने कृयाकलापहरु पहिचान गर्नु पर्दछ । यसरी पहिचान गरिएका कृयाकलापहरुको लक्ष्य निर्धारण गरी सो कृयाकलाप सम्पन्न गर्न लाग्ने समय अवधी र कार्यान्यनको दायित्व समेत किटान गरिनु पर्दछ । कृयाकलाप छनौट गर्दा आफ्नो प्रयाशबाट सम्पन्न गर्न सकिने नसकिनेतर्फ पनि विचार गर्नु पर्छ ।

कृयाकलाप कार्यान्वयनलाई सुनिश्चित गर्न सकेसम्म जिम्मेवार व्यक्ति वा शाखा उपशाखा नै किटान गरिनु उपयुक्त हुनछ । जिम्मेवारी किटान नगर्दा सो कार्य कसले सम्पन्न गर्ने भन्ने स्पष्ट हुदैन र फलस्वरुप कार्यान्यन नहुँदाको जिम्मेवारी समेत कसैले लिन नपर्ने अवस्था सृजना हुन्छ ।

### ८.३ तथ्यांक /सूचना संकलन र विश्लेषण

राजस्व सुधार योजना तर्जुमा सम्बन्धी कार्यका लागि कार्यशालाबाट प्राप्त गरिने सूचना तथा तथ्यांक र छलफल तथा अन्तरकृयाबाट संकलन गरिने सूचना एबम् तथ्यांक बाहेक कतिपय संस्थागत सूचना तथा तथ्यांकहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानूनहरु, प्रगति विबरणहरु तथा खर्चको फाँटवारी, प्रारम्भिक वाताबरणीय परिक्षण प्रतिबेदन, संभव्यता अध्ययन प्रतिबेदनहरु आदिबाट पनि आवश्यक सूचना र तथ्यांक प्राप्त गर्न सकिन्छ । त्यसबाहेक, उद्योग वाणिज्य संघ, यातायात व्यबसायीहरुको संगठन, होटल व्यबसायीहरुको संगठन आदि पेशागत एबम् व्यबसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसंगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्यांकहरु संकलन गर्न सकिन्छ ।

स्थानीय तहको आर्थिक प्रशासन तथा राजस्व शाखा/महाशाखासँग सम्वन्धित कर्मचारी तथा निर्वाचित प्रतिनिधिहरुबाट पनि आवश्यक सूचना तथा तथ्यांक प्राप्त गर्न सकिन्छ । यसका लागि कार्यशालामा हुने छलफल पर्याप्त नभएको अवस्थामा बेग्लै समय लिई छलफल गर्न उपयुक्त हुन्छ । साथै स्थानीय स्रोत संकलनका संभाव्य क्षेत्रहरुको स्थलगत अवलोकन, सन्दर्भ सामग्रीहरुको अध्ययन आदिको माध्यमबाट पनि आवश्यक तथ्यांक एवम् सूचनाहरु संकलन गर्नुपर्दछ । तथ्यांक संकलनका लागि प्रयोग गरिने फाराम **अनुसूची १** मा समाबेश गरिएको छ ।

स्थानीय तहको राजस्व सुधार योजनाको क्रममा सूचना संकलन गर्ने मुख्य क्षेत्रहरु निम्न हुन सक्दछन् :

- राजश्व प्रशासनको वर्तमान अवस्था
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु

- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- आन्तरिक आयका स्रोत, आधार क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरु सम्बन्धी तथ्यांक तथा सूचना
- राजश्व सुधारका लागि गर्नुपर्ने कार्यहरु तथा सोको जिम्मेवारी, आदि ।

प्रारम्भिक कार्यशाला अगावै उल्लेखित सूचना तथा तथ्यांक संकलन गर्नु पर्दछ जसले गर्दा कार्यशाला बढी प्रभावकारी हुन्छ ।

यसरी सूचना संकलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गर्नु पर्दछ । सूचना विश्लेषणको लागि तथ्यांकीय विधि तथा विषयगत विश्लेषण विधि दुवैलाई प्रयोगमा ल्याउन सकिन्छ। राजश्व सम्वन्धी नीतिगत ब्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि विषयगत विश्लेषण विधि प्रयोगमा ल्याउन सकिन्छ भने राजश्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण गरी सुधारका उपाहरुको पहिचानका लागि तथ्यांकीय विधि प्रयोगमा ल्याउन सकिन्छ ।

राजस्व परिचालनको संस्थागत तथा नितिगत विश्लेषणका लागि स्थानीय तहको संगठनात्मक र जनशक्ति व्यबस्था, राजस्व प्रशासनसँग सम्बन्धित अभिलेख प्रणाली, अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणाली, दण्ड जरिवाना, गुनासो सुनुवाई, कर सम्बन्धी कानूनको परिपालना र लक्ष्य प्राप्तीको अवस्था, निजी क्षेत्रसँगको सहकार्य, करदाता शिक्षा र सहभागिता, संस्थागत संयन्त्रको कृयाशीलता र समन्वय एबम् कर तथा गैर करका क्षेत्रहरुको परिचालनको अवस्था जस्ता पक्षको विश्लेषण गर्नु पर्दछ । विषयगत विश्लेषणको नमूना फाराम **अनुसूची २** मा समावेश गरिएको छ ।

विषयगत विश्लेषणको आधारमा राजश्व सुधार कार्ययोजना तयारीको लागि संस्थागत ब्यवस्था, नीतिगत ब्यवस्था तथा राजश्व परिचालनको अवस्थाको चित्रण गरी सुधारका उपायहरुको पहिचान गर्नु पर्दछ ।

तथ्यांकीय विश्लेषणको लागि कर तथा गैर करका आधार र करदाता संख्याको पहिचान गर्ने पहिलो कार्य हुन्छ । त्यसैगरी प्रति इकाई कर तथा गैर करका दरको अनुमान गरी करदाता संख्याका आधारमा कुल सम्भाब्यता पहिचान गर्न सकिन्छ । राजश्व अनुमान गर्दा कुल सम्भाब्यताको सबै अंश तत्काल करको दायरामा ल्याउन संभव नहुने हुँदा दायरामा ल्याउन सकिने अंश अनुमान गरी आय प्रक्षेपण गर्न सकिन्छ। राजश्व सुधार कार्ययोजना तर्जुमाको क्रममा प्रक्षेपित आय तथा हाल असुल भएको यथार्थ आय अवस्थाको फरक विश्लेषण गरी सुधारको लागि उपायहरुको पहिचान गर्नु पर्दछ। वस्तुगत विश्लेषणको नमूना फाराम **अनुसूची ३** मा समाबेश गरिएको छ ।

यसैगरी स्थानीय तहको विगतको आयको बृद्धिदरको विश्लेषण गरी आय संकलनको अवस्थालाई विश्लेषण गर्न सकिन्छ। स्थानीय तहको आय बृद्धिदर कम्तिमा पनि मूल्य बृद्धि, जनसंख्या बृद्धि र सेवाग्राहीको संख्यामा हुने बृद्धिसंग मिल्दोजुल्दो हुनु पर्दछ । विगतको तथ्यांकको आधारमा बृद्धिदर गणना गर्न दुई वटा विधि

प्रयोगमा ल्याउन सकिन्छ । पहिलो: शुरु र अन्तिम विन्दुको आधारमा बार्षिक बृद्धिदर र दोस्रो, एक्सलमा LOGEST फरमुलाको प्रयोग गरी । पहिलो विधि अपनाई बृद्धिदर निकाल्ने सुत्र तल दिईएको छ ।

$$CAGR = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR =औसत बार्षिक बृद्धिदर

Ending Value = अन्तिम बर्षको यर्थाथ रकम

Beginning Value = पहिलो वर्षको यर्थाथ रकम

गाउँपालिका र साना नगरपालिकाहरुमा आन्तरिक आयको बृद्धि दर गणना गर्दा सामान्य विधिको प्रयोग गर्न उपयुक्त हुन्छ भने ठूला नगरपालिकाहरुले ऐतिहासिक तथ्यांक र साधन स्रोत तथा जनशक्तिको उपलब्धता समेतका आधारमा विभिन्न बैज्ञानिक विधिहरुको उपयोग गर्न सक्नेछन् ।

## ८.४ राजश्व सुधार कार्ययोजना तयारी

कार्ययोजना तर्जुमा कार्यशालामा समुहगत रुपमा तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा ( माथि ८.२ मा उल्लेख गरिएको) लाई यस चरणमा अन्तिम रुप प्रदान गरिनेछ। माथि उल्लेखित विश्लेषणको आधारमा स्थानीय तहका सरोकार पक्षहरुसंग थप छलफल गरी राजश्व सुधार कार्य योजनाको मस्यौदामा आवश्यक परिमार्जन गर्नु पर्दछ। राजश्व सुधार कार्ययोजनाको खाका तल दिईएको छ।

| सुधारका कृयाकलापहरु | लक्ष्य | समयावधी | जिम्मेवारी |
|---|---|---|---|
| क. राजश्वका स्रोतहरुको परिचालन तथा दर निर्धारणमा सुधार | | | |
| | | | |
| | | | |
| ख. राजश्व परिचालन नीतिमा सुधार | | | |
| | | | |
| | | | |
| ग. कर, शुल्क तथा दस्तुरको दायरा र असुली प्रणालीमा सुधार | | | |
| | | | |
| | | | |
| घ. अनुगमन | | | |
| | | | |
| | | | |

राजस्व सुधार कार्ययोजनामा समाबेश भएका कतिपय कृयाकलापहरुका लागि बजेट आवश्यक पर्ने हुन्छ । बजेट व्यबस्थापन गर्नुपर्ने कृयाकलापहरुको लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्य बजेट तर्जुमा गर्दा ध्यान दिनु पर्ने हुन्छ । यसरी समय मै बजेटको व्यबस्था नभए प्रस्तावित कृयाकलाप सम्पन्न गर्न नसकिने हुँदा कृयाकलाप छनौट गर्दा स्रोतको उपलब्धतालाई पनि ध्यान दिनु पर्दछ। साथै बजेटको उपलब्धता अनुसार कृयाकलाप सम्पन्न हुने हुँदा समयअवधि निर्धारण गर्दा बजेटको उपलब्धतासँग पनि तालमेल हुने गरी निर्धारण गर्नु पर्दछ ।

### ८.५ राजश्व प्रक्षेपण

राजश्व सुधार कार्ययोजना तयारी पश्चात सोको कार्यान्वयनबाट स्थानीय तहको राजश्व संकलनमा पर्ने प्रभावको समेत विश्लेषण गरी भविष्यको लागि प्राप्त हुने राजश्वको प्रक्षेपण गर्नुपर्दछ । राजश्व प्रक्षेपणको लागि निम्न विधिहरुमध्ये राजश्वका स्रोतको उपलब्ध सूचनाको आधारमा कुनै एक विधि प्रयोगमा ल्याउन सकिन्छ :

१. **तथ्यांकिय आधार** : करदाताको संख्या, करको दर तथा विद्यमान दायराको अवस्था सम्वन्धी सूचना उपलब्ध भएमा यो विधि प्रयोगमा ल्याउन सकिन्छ । प्रक्षेपणको लागि दायरा र दरमा हुने सुधारको आधारमा राजश्व प्रक्षेपण गर्न सकिन्छ। *उदाहरण : स्थानीय तहले लगाएको व्यवसाय कर ।*

२. **विगतको राजश्व बृद्धिदरको आधार** : करदाता संख्या सम्वन्धी सूचना प्राप्त हुन नसक्ने र समयानुकुल दर परिमार्जन हुँदै आएका स्रोतहरुको लागि यो विधि प्रयोग गर्न सकिन्छ । उदाहरण : स्थानीय तहले प्रदान गर्ने सिफारिश प्रमाणितमा लिइने शुल्क वा दस्तुर । यदी दर परिवर्तन गर्ने योजना भएका स्रोतको प्रक्षेपण गर्दा सो विषयलाई पनि ध्यानमा राख्नु पर्दछ । विगतको आय बृद्धिदरको आधारमा प्रक्षेपण गर्दा रिग्रेशन विधिलाई पनि प्रयोगमा ल्याउन सकिन्छ । यसका लगि देहायको सूत्रको प्रयोग गर्नु पर्दछ :

$$y = a + bx$$

जहाँ,

y (Variable) = प्रक्षेपण गरिने वर्षको प्रक्षेपण रकम

x (Variable) = प्रक्षेपण गरिने वर्ष

b = तिन आर्थिक वर्षहरुको स्लोप (Slope of the regression line)

a = तिन आर्थिक वर्षहरुको इन्टरसेप्ट बिन्दु (The intercept point of the regression line )

३. **संझौताको आधार** : आम्दानी प्राप्त हुने गरी विगतमा संझौता भएका शिर्षकहरुको लागि संझौता रकमको आधारमा आय अनुमान गर्नु पर्दछ । *उदाहरण : आन्तरिक आय ठेक्का, ऋण, अनुदान ।*

४. **लमसम बृद्धिदर** : स्थानीय तहको नियन्त्रणमा नभएका र संझौता पनि नभएका स्रोतहरुवाट प्राप्त हुने आय अनुमानको लागि यो विधि प्रयोग गर्न सकिन्छ । मुल्य बृद्धि तथा जनसंख्या बृद्धिको योग

करिव १० प्रतिशत भएकोले सोलाई आधार मानी गत बर्ष प्राप्त आयमा सोही अनुपालमा बृद्धि गरी आय अनुमान गर्न सकिन्छ । *उदाहरण : नेपाल सरकार, प्रदेश सरकार तथा अन्य संघसंस्थावाट प्राप्त हुने अनुदान, राजश्व बाँडफाँड आदि ।*

५. **अनुमान :** कुनै आय स्रोत सम्वन्धी सूचना नभएको र स्थानीय तहको लागि विल्कुलै नयाँ स्रोत भएमा अनुमानको आधारमा प्रक्षेपण गर्न सकिन्छ । *उदाहरण : अनुमति दस्तुर ।*

६. **शुन्य प्रक्षेपण:** आयको संभावना नभएका स्रोतहरु तथा राजश्व प्राप्त हुने एकीन नभएका स्रोतहरुको राजश्व प्रक्षेपण गर्दा शुन्य प्रक्षेपण गर्नुपर्दछ ।

प्रतिवेदनमा राजश्व प्रक्षेपणका आधारहरुलाई एक तालिका वनाई स्पष्ट रुपमा उल्लेख गर्न सकिन्छ । राजश्व प्रक्षेपणका आधार अनुसार राजश्व सुधार योजनामा कम्तिमा आगामी तीन बर्षको लागि स्थानीय तहको राजश्व प्रक्षेपण गर्न सकिन्छ । यसरी राजश्व प्रक्षेपण गर्दा आम्दानीको स्रोतहरुको वर्गिकण तथा ब्याख्याको ढाँचाका लागि एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ (संशोधन सहित) मा तोकिएको ढाँचा अनुसार आय प्रक्षेपण गर्नु पर्दछ । आय प्रक्षेपण गर्दा बस्तुगत विश्लेषण समेतका आधारमा सकेसम्म वास्तविकतासँग मेल खाने गरी गर्नु पर्दछ । आय प्रक्षेपणको ढाँचा **अनुसूची ४** मा दिईएको छ ।

### ८.६ प्रतिवेदनको मस्यौदा तयारी

स्थानीय राजस्वको विद्यमान अवस्था र संभावनाको विश्लेषण, सुधारका क्षेत्र र कृयाकलाप सहितको कार्ययोजना तयारी तथा कार्ययोजनाको कार्यान्वयनले आगामी दिनमा पार्नसक्ने प्रभाव समेतका आधारमा राजश्व प्रक्षेपण गर्ने कार्य सम्पन्न भएपछि यी सबै कृयाकलापहरुलाई क्रमबद्ध रुपमा लिपिबद्ध गरी एक प्रतिवेदनको स्वरुप दिनु पर्दछ । प्रतिबेदन लेखनको कार्य सकेसम्म भाषागत विज्ञता भएका व्यक्तिले गर्दा राम्रो हुने हुँदा लेखनको जिम्मेवारी कसले लिने हो पूर्व तयारी चरणमै निश्चित गरिनु उपयुक्त हुन्छ । प्रतिबेदनको विषयसूची निम्न अनुसार हुन सक्दछ :

**परिच्छेद – एक : परिचय**

१.१ पृष्ठभूमी

१.२ राजश्व सुधार योजनाको औचित्य

१.३ योजनाले राखेका उद्देश्यहरु

१.४ योजना तर्जुमा विधि र प्रक्रिया

१.५ योजनाका सीमाहरु

**परिच्छेद – दुई : गाउँ/नगरपालिकाको संक्षिप्त परिचय**

२.१ गाउँ/नगरपालिकाको संक्षिप्त परिचय .

२.२ गाउँ/नगरपालिकाको मानव संसाधनको अवस्था .

२.३ गाउँ/नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था .

**परिच्छेद – तीन : स्थानीय तहको राजश्व अधिकार तथा आय सम्भाब्यता .**

३.१ स्थानीय तहको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था .
३.२ गाउँ/नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था
३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण
३.३.१ स्थानीय कर राजस्व
३.३.२ गैर कर राजश्व
**परिच्छेद – चार : आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था**
४.१ राजश्व परिचालन सम्बन्धी नीति
४.२ आय संकलनको संस्थागत क्षमता
४.३ गाउँ/नगरपालिकाको आन्तरिक आय परिचालन
४.४ राजश्व परिचालनमा रहेका सवालहरू
**परिच्छेद – पाँच : राजश्व सुधार कार्ययोजना**
५.१ गाउँ/नगरपालिकाको राजश्व सुधार कार्ययोजना
**परिच्छेद – छ : आगामी तीन बर्षको आय प्रक्षेपण**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण
६.२ गाउँ/नगरपालिकाको आगामी तीन आर्थिक बर्षको राजश्व प्रक्षेपण
**परिच्छेद – सात: अपेक्षित नतिजा**
**परिच्छेद – आठः अनुगमन तथा मूल्यांकन**
अनुसूचीहरु

## ८.७ अन्तिम प्रतिवेदन तयारी र स्वीकृति

उपरोक्त चरणहरु पश्चात तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्वन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिनु पर्दछ। यसका लागि परामर्श कार्यशालाको आयोजना गर्न सकिन्छ। कार्यशालामा मस्यौदा प्रतिबेदनको प्रस्तुति गरी त्यसमा छलफल र सुझाव संकलन गर्नु उपयुक्त हुन्छ । यस्तो कार्यशालाको आयोजनाले प्रतिबेदनमा छुट भएका विषय वा तथ्यांकीय कमजोरीहरुलाई सच्याउन र प्रतिबेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुर्याउँछ।

परामर्श कार्यशालामा अभिमुखिकरण कार्यक्रममा सहभागि भएका व्यक्तिहरुकै सहभागिता रहने गरी आयोजना गर्न सकिन्छ। कार्यशालामा विषयवस्तु प्रस्तुतिका लागि आवश्यक पूर्व तयारी गर्नुपर्ने हुन्छ। साथै प्रस्तुतिको जिम्मेवारी अग्रिम रुपमा तय गरिनु पर्दछ। प्रस्तुतिको जिम्मेवारी प्रतिबेदन तयारी कार्यमा संलग्न व्यक्तिलाई नै दिनु प्रभावकारी हुन सक्दछ । प्रस्तुतकर्ताले प्रस्तुतिको क्रममा सहभागिहरुबाट आउन सक्ने संभावित प्रश्नको वारेमा समेत अग्रिम रुपमा तयारी गर्नु उपयुक्त हुन्छ।

यसरी परामर्श कार्यशालाबाट प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गर्नु पर्दछ। कार्यशालाबाट प्राप्त सुझावहरु समाबेश गरी अन्तिम मस्यौदा तयार भएपछि त्यस्तो मस्यौदामा सुझावका

लागि गाउँपालिका वा नगरपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहेको समन्वय समितिमा पठाउनु पर्नेछ । समन्वय तथा सहजीकरण समितिबाट प्राप्त भएका सुझावहरु समेत समावेश गरी प्रतिबेदनलाई अन्तिम रुप दिनु पर्नेछ ।

यसरी तयार भएको कार्ययोजना स्थानीय राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत गराउनु उपयुक्त हुन्छ । कार्यपालिकाबाट प्रतिबेदन स्वीकृत गराउँदा प्रतिबेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउन सक्दछ । राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी सम्पूर्ण प्रकृयामा स्थानीय राजस्व परामर्श समितिको सकृय सहभागिता र नेतृत्व आवश्यक हुन्छ। राजस्व परामर्श समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक एउटै पदाधिकारी भएको कारणले पनि कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गर्न थप सहज हुन सक्दछ।

सहजताका लागि राजस्व सुधार कार्ययोजना तर्जुमाको सन्दर्भमा सम्पादन गरिने कृयाकलापहरुको श्रृखला तल उल्लेख गरिएको छः

१ राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण
२ योजना तर्जुमाको कार्यदल गठन
३ योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामग्रीहरुको संकलन तथा अध्ययन
४ प्रारम्भिक कार्यशालाको आयोजना
५ सूचना तथा तथ्यांक संकलन एवम् विश्लेषण
६ राजस्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक)
७ योजनाको मस्यौदा तयारी
८ राजस्व संभावना विश्लेषण र राजस्व प्रक्षेपण
९ मस्यौदाको पुनरावलोकन र सुझाव संकलन
१० अन्तिम मस्यौदा तयारी
११ कार्यपालिकाबाट स्वीकृति

## ९. राजश्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्यांकन

नेपालको योजना प्रकृयाको सबैभन्दा कमजोर पक्षनै यसको कमजोर कार्यान्वयन हो । कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि समेत भरपर्दो व्यबस्था मिलाउनु पर्ने हुन्छ। राजस्व सुधार कार्ययोजनामा समाबेश भएका कृयाकलापहरुको कार्यान्वयन सुनिश्चिततताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यबस्था गरिनु आवश्यक हुन्छ। यसका लागि राजश्व सुधार कार्ययोजनाको अन्तिम भागमा योजनाको अनुगमन तथा मूल्यांकन ब्यवस्थाको वारेमा उल्लेख गर्नुपर्दछ। योजनाको अनुगमनको लागि राजश्व शाखा/महाशाखा, राजश्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका तथा समयावधि समेत योजनामै उल्लेख गरिनु उपयुक्त हुन्छ।

राजस्व शाखा/महाशाखाले कार्ययोजनामा समाबेश भएका कृयाकलापहरुको विषयमा कम्तीमा प्रत्येक चौमासिक अवधिमा प्रगति विबरण तयार गरी स्थानीय राजस्व परामर्श समितिको बैठकमा प्रस्तुत गरी छलफल गर्ने व्यबस्था मिलाउन उपयुक्त हुन्छ। यसरी छलफल गर्दा समितिको तहबाटै समाधान हुने विषय तत्काल समाधान गर्ने र समाधान हुन नसकेका विषयहरु सहितको प्रतिबेदन कार्यपालिकाको बैठकमा प्रस्तुत गरी छलफल गर्ने र समाधानका उपायहरु खोजी गर्ने प्रकृयाको अवलम्बनले योजनाको कार्यान्वयनलाई सहज बनाउन सक्दछ।

राजस्व सुधार योजनाको नियमति अनुगमनको व्यबस्थासँगै कार्ययोजनालाई वार्षिक रुपमा परिमार्जन तथा अद्यावधिक गर्ने जिम्मेवारी समेत योजनामै किटान गरी उललेख गर्नु उपयुक्त हुन्छ। खासगरी योजनामा प्रक्षेपण गरिएको आयलाई विभिन्न बाह्य तत्वहरुले प्रभाव पार्ने हुँदा त्यस्ता तथ्यांकलाई वार्षिक रुपमा अध्यावधिक गर्नुपर्ने हुन्छ। कर तथा गैर करका दरहरुमा आउने परिवर्तन र कतिपय राजस्वको आधारमा आउने परिवर्तनले पनि प्रक्षेपित राजस्वमा प्रभाव पार्न सक्दछ।

त्यसबाहेक कतिपय प्रस्तावित कृयाकलापहरु सम्पन्न गर्न नसकिने र कतिपय कृयाकलाप थप कार्यान्वयन गर्न सकिने अवस्था पनि उत्पन्न हुन सक्दछ। राजस्वका नयाँ क्षेत्र थप हुने वा भैरहेका क्षेत्रमा संघीय वा प्रदेश कानून वा नीतिको कारण स्थानीय तहको राजस्व कानून, नीति र आधारहरुमा प्रभाव पर्ने अवस्थामा पनि राजस्व सुधार कार्ययोजनामा परिमार्जन जरुरी हुन सक्दछ। यी सबै विषयहरुलाई राजस्व सुधार योजना तर्जुमा गर्दा र यसको कार्यान्वयनमा ध्यान दिनु पर्दछ।

## १०. समन्वय तथा सहजीकरण समिति र यसको कार्यजिम्मेवारी

स्थानीय तहको राजस्व अधिकारको अधिकतम उपयोग हुन सकेमा मात्र स्थानीय तहको विकास निर्माणले गति लिने मात्र नभई यसबाट स्थानीय तहको स्वायत्तासँगै जनताप्रतिको जवाफदेहीता पनि बृद्धि हुने भएकोले नेपाल सरकारले यस विषयलाई उच्च प्राथमिकतामा राखेको छ। स्थानीय तहको राजस्व परिचालन क्षमतामा सुधार आउन सकेमा संघीय र प्रदेश सरकारले स्थानीय तहका लागि उपलब्ध गराउने अनुदान माथिको

दवाबलाई पनि कम गर्न सहयोग पुग्दछ । तसर्थ, स्थानीय तहको राजस्व परिचालन क्षमता सुधारको विषय संघीय सरकारको मात्र नभई प्रदेश सरकारको पनि चासोको विषय हो ।

## १०.१ सहजीकरण तथा समन्वय समितिको व्यवस्था

सबै स्थानीय तहको राजस्व सुधार योजना तर्जुका लागि ठूलो परिमाणमा साधन स्रोत, जनशक्ति र प्रयाशको आवश्यकता पर्ने हुँदा यसका लागि गरिने सरकारी लगानी, विकास साझेदार संस्थाको सहयोग र स्थानीय तहको स्वप्रयाशलाई समेत समन्वयात्मक रुपमा परिचालन गर्न आवश्यक हुन्छ । त्यसबाहेक योजना तर्जुमा प्रकृयालाई व्यबहारिक र व्यबस्थित तुल्याई योजनामा गुणस्तरियता कायम गर्न पनि उत्तिकै जरुरी छ । तसर्थ, यी सबै विषयमा सम्बद्ध निकायहरुसँग समन्वय र सहजीकरण गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा देहाय बमोजिमको समन्वय तथा सहजीकरण समिति रहनेछ :

| | |
|---|---|
| क) महाशाखा प्रमुख, स्थानीय तह क्षमता विकास महाशाखा | संयोजक |
| ख) प्रतिनिधि, अर्थ मन्त्रालय, राजस्व महाशाखा | सदस्य |
| ग) प्रतिनिधि, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सचिवालय | सदस्य |
| घ) शाखा प्रमुख, स्थानीय तह समन्वय शाखा | सदस्य |
| ङ) राष्ट्रिय कार्यक्रम प्रवन्धक, प्रदेश तथा स्थानीय सरकार सहयोग कार्यक्रम | सदस्य |
